# लोमन्थाङ गाउँपालिका

## ༄༅།།སློ་མོན་ཐང་གྲོང་སྡེའི་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

लोमन्थाङ, मुस्ताङ  गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०८२/०८३

सूचना नं.: १८

**विषयः सवारी चालक अनुमति पत्र (लाइसेन्स) बिना सञ्चालन नगर्ने/नगराउने सम्बन्धी अत्यन्त जरुरी सार्वजनिक सूचना।**

कोरला नाका सुचारू भएसँगै नेपाल-चीन सीमाबाट विभिन्न प्रकारका विद्युतीय सवारी साधनहरू (इलेक्ट्रिक कार, जीप आदि) नेपालतर्फ भित्रिने तथा मालवहाक ट्रकहरु आवत जावत भइ रहेको सर्वविदितै छ। यो आर्थिक तथा पर्यटन विकासका लागि अत्यन्त सकारात्मक पक्ष हो र गाउँपालिकाले यसलाई पूर्ण रूपमा स्वागत तथा प्रोत्साहन गर्दछ।

तर हालै गरिएको सुरक्षा निकाय सहितको अनुगमनका क्रममा कोरला नाकाबाट भित्र्याइएका केही विद्युतीय सवारी साधनहरू तथा नाकामा आवात जावत गर्ने मालवाहक ट्रकहरुका सवारी चालकहरुले सवारी चालक अनुमति पत्र **(Driving License)** बिना नै लोमन्थाङ क्षेत्रभित्र सञ्चालन भइरहेको गम्भीर तथ्य फेला परेको छ। लोमन्थाङको उच्च हिमाली भूगोल, साँघुरा तथा घुम्तीदार बाटो, चिसो मौसम र उचाइजन्य जोखिमका कारण सवारी दुर्घटनाको सम्भावना अत्यधिक हुन्छ। अनुमति पत्र नभएका चालकहरूले सवारी सञ्चालनमा दक्ष नहुन सक्छन्, जसले यात्रु, पैदलयात्री र स्थानीयको ज्यान जोखिममा पर्न सक्छ। यसै सन्दर्भमा लोमन्थाङ गाउँपालिकाले सम्बन्धित सबैमा निम्नानुसार निर्देशन जारी गर्दछः

१. कुनै पनि व्यक्तिले सवारी चालक अनुमति पत्र बिना विद्युतीय वा अन्य कुनै पनि मोटरयुक्त सवारी साधन सञ्चालन नगर्ने/नगराउने।
२. सवारी साधन आयातकर्ता/मालिकहरूले आफ्नो सवारी साधन वैध लाइसेन्स प्राप्त चालकलाई मात्र चलाउन दिने।
३. इलाका प्रहरी कार्यालय लोमान्थाङ, सशस्त्र प्रहरी बल र गाउँपालिका प्रहरीसँगको समन्वयमा गाउँपालिकाले यस विषयमा नियमित अनुगमन, चेकजाँच तथा कारबाही प्रक्रिया कडाइका साथ कार्यान्वयन गर्नेछ।
४. यस गम्भीर विषयमा रोकथाम तथा नियन्त्रणका लागि सम्पूर्ण नागरिक, व्यापारी, होटल व्यवसायी, पर्यटक गाइड तथा सरोकारवाला सबैमा गाउँपालिकासँग पूर्ण सहकार्य गर्न हार्दिक अनुरोध गर्दछौं।
५. लाइसेन्स बिना सवारी सञ्चालन भएको सूचना प्राप्त भएमा तुरुन्त गाउँपालिका कार्यालय, वडा कार्यालय वा नजिकको प्रहरी चौकीमा जानकारी गराइदिनुहुन अनुरोध छ।

हामी सबै मिलेर लोमन्थाङलाई सुरक्षित, कानूनसम्मत र जिम्मेवार पर्यटन गन्तव्य बनाऔं।

धन्यवाद ।

टसी न्हर्वु गुरुङ
अध्यक्ष
लोमन्थाङ गाउँपालिका, मुस्ताङ।


कार्यालय फोन नं. ९८५७६३०३३०
Email: lomanthanggaupalika@gmail.com
Website: www.lomanthangmun.gov.np